अरुण फाइनलमा फर्स्ट डिभिजनमा उत्तीर्ण हुन्छ । उ खुशीको सन्देश सुनाउन दगुर्दै अस्पतालमा पुग्छ । खुशीले अरुण दैलोदेखि नै आमा...आमा भन्दै पस्छ । तर अफसोस, यो खबर सुन्न भन्दा अघि नै अरुणकी आमाको प्राण टाढा पुगेर पलंगमा केवल निष्प्राण शरीर मात्र लड्दिरहेको हुन्छ । औ अस्पतालको भित्ता भरी अरुण कराएको प्रतिध्वनि मात्र गुञ्जन्छ आ.....मा.....।

साहित्य औ मानिस

रबिन थापा
एघारौं श्रेणी—विज्ञान विभाग

साहित्य र समाजको पारस्परिक सम्बन्ध हुन्छ । साथै साहित्य समाजलाई सुधार्ने एक विषय हो । समाजको अन्धो रीति-रिवाज पन्साउने साहित्य नै हो । समाजमा लागेका कलहहरू पनि साहित्यको प्रयासले जरैसित उखेलेर फ्याँक्न सक्छ । वास्तवमा भनौं भने साहित्य-समाजको दर्पण हो । हामीले साहित्यलाई अँगालेर समाज-लाई दरिलो बनाउन सिक्न पर्देको छ । यो समय पृथ्वी चन्द्रमासँग मितेरी लाएको युग हो । विश्वको अरू सभ्य समाज उन्नतिको शिखरमा पुग्दा हाम्रो समाज भर्खरै फक्रन लागेको छ । विशेष हाम्रो समाज उक्सन नसकेका कारणहरू हाम्रो समाजमा चलिआएको पुरानो रीति-रिवाज फाल्न नसकेकोले, जस्तै नारीहरूले पढ्न नहुने, जात-जातभित्र विभेद सानो जात र ठूलो जात । जातभित्र विभेद भएकोले नेपाली समाजमा निकै नै क्षति पुऱ्याएको छ । यस्तै हो भने हाम्रो समाज मासिन र अरू समाजबाट अवहेलित हुन केही बेर लाग्दैन । यस्तो समस्याले हाम्रा भावी पीढ़ीलाई पनि ग्रस्त नपारी छोड़्दैन ।

हाम्रा पुर्खाहरूको भनाई 'पढ़े गुने के काम, हलो जोती खाये माम' जस्तो उखानलाई चाँड़ै नै बहिष्कार गर्नुपर्छ । यस्ता रीति-रिवाज फालेदेखि हाम्रो समाजले केही मुक्तिको सास फेर्ने थियो । हामी विश्वका अरू मानिसहरू भन्दै हौं । हामीले

साहित्यका उन्नति गरे हाम्रो समाज पनि एकदिन उन्नतिको शिखरमा पुग्नेछ । हाम्रो समाज उस्कन नसकेको अर्को कारण हाम्रो जाति शोषित छन्, दबिएका छन् । हाम्रो जातिलाई कोदालो, फरुवा, हलो, खुकुरी यस्तै हतियारले कहिले छाड्दैन औ उनीहरूले विद्याको उन्नति गर्न पनि पाउँदैनन् । यसैले हाम्रो समाज भारतीय अरू सभ्य समाज भन्दा पछि छन् ।

यो साहित्यले ज्ञान दिन्छ । जसले विवेकलाई र समाजलाई विकसित तुल्याउँछ । वास्तवमा यो स्वर्गको फूल हो हो । यसैले कवि स्व० लेखनाथ पौड्याल भन्नु हुन्छ "भाषा छ यो कल्पलता समान, साहित्य हो उज्ज्वल पुष्प ज्ञान, जो गर्छ यसले मतिको विकास, स्वर्गीय त्यै हो फूलको सुवास ।" यो साहित्यमा यस्तो गुणले भरिभराउ हुनुपर्छ जसमा मानवको हेतु विवेकलाई र समाजलाई विकसित तुल्याउन सकुन् ।

यो साहित्य प्रथम ठूला-ठूला व्यक्ति राजा, मंत्री ऋषिमुनिहरूले मात्र लेख्ये तर आधुनिक समयमा प्रायः जसोले लेख्ने गर्छन् । भानुभक्तले हामीमा रामायण जस्ता महाकाव्य छोड़ेर गए । उनले साहित्य सृजना गरेदेखि सबै नेपालीले एक अर्काका भाषा बुझ्न थाले । प्रत्येक नेपालीहरूमा "नेपाली हुँ" भन्ने धाक जन्मियो । सबै आफ्ना नेपाली जातप्रति गर्वित हुनथाले । यस्तो पुस्तक अझ प्रत्येक नेपालीकोमा छ औ रहिरहनेछ । यो रामायणसितै भानुभक्त पनि अमर साथै अजर रहनेछन् ।

साहित्य जातिको प्राण हो, मान हो औ जातिको पथ हो । साहित्य विहिन मनुष्य पशुतुल्य हो । साहित्यलाई हामी समाजको पथ प्रदर्शन औ आदर्श भन्न सक्छौं । नेपाली साहित्यलाई आधुनिक भारतीय साहित्यको दाँजोमा ल्याउनलाई हामी सबै शिक्षित औ जातिप्रिय नेपालीको जिम्मेवारी हो, यदि हामीले यो जिम्मेवारी कर्त्तव्यको रूपमा ग्रहण गर्यौं भने हाम्रो समाज चाँड़ै नै फुल्नेछ फक्रनेछ औ यसको सुवास चारैतिर फैलिन सक्नेछ ।

भनौ म को हुँ ?

—ऋतुराज छेत्री
(भूतपूर्व छात्र)

म आकाशको प्रत्येक कक्षमा
भिन्न-भिन्न रूप धारण गरी हिँड़्छु
रंग-विरंगको वस्त्र पहिरन्छु,
इन्द्रधनुषको मुकुट लगाउँछु ।
सूर्यकिरणको कपड़ा अप्नाउँछु—
पृथ्वीतलमा पानी वर्षाई
उसित खेल्छु ।
उसलाई शितल बनाई
हँसाईदिन्छु ।

आकाशदेखि पृथ्वी तलसम्म—
मोतीको दाना चम्काइदिन्छु ।
कहिले धुनियाले धुनाई गरेको रूवा जस्तै—
यता उता यता उता उड़िहिँड़्छु ।
कहिले अग्लो-आग्लो पहाड़भित्र पसी
अणु-अणुको रहस्य खोज्छु ।
अनि आफै खुशीले
विभोर भई हिँड़्छु—
भनौं म को हुँ ?

A sedate little oldman reciting
a Nepali poem.

ALL'S WELL THAT ENDS WELL
Sri S. K Pradhan the Chief Guest on the
Annual Sports Day—1984.

मेरो प्यारो कवि रिमाल

—प्रवेश प्रधान
सातौं श्रेणी 'ए'

विश्वमा धेरै कविहरू छन्, तीमध्ये मलाई मनपर्ने वा मेरो प्यारो कवि श्री गोपाल प्रसाद रिमाल हुन् ।

उनी नेपाली साहित्यका गद्य-कविताको जन्म दिने नम्र वा क्रान्तिकारी कवि रिमाल लोकप्रिय छन् । उनको जन्म सं० १९७५, जेठ २८ गते, काठमाडौंमा भएको थियो । उनले आइ० ए० सम्म पढ्का थिए । स्वभावले क्रान्तिकारी रिमालले सामाजिक तथा राजनैतिक क्षेत्रहरूमा भाग लिए ।

उनले लेखेका पुस्तकहरू हुन्—

कविता-संग्रह -'आमाको सपना' । नाटक—मसान, यो प्रेम इत्यादि ।

मेरो प्यारो कवि रिमालले जीवनमा धेरै दुःखहरूको सामना गर्दै आएका थिए । अत्याचारी राणा-शासनको विरोध गर्दा उनी जेलमा पनि जानुपऱ्यो । तर उनले यस्तो अत्याचारमा पनि कविता र नाटक लेख्न छोड्दैनन् ।

'आमाको सपना' उनको श्रेष्ठ कविता-संग्रह हो । यसै संग्रहमा उनले सं० २०१९ मा मदन-पुरस्कार प्राप्त गरे । यस संग्रहमा छापिएका 'आमाको-सपना' कविता लोकप्रिय छ ।

'आमा, त्यो आउँछ र ?'
'हो बा, त्यो आउँछ ।
त्यो विहानको सूर्य झैं उज्यालो भई आउँछ.....
तर त्यो तिमी नै हौला भन्ने मेरो
यौवनभरिको सपना थियो ।'

यहाँ उनले क्रान्तिकारी सपना देखेका थिए । नेपालमा त्यसबेला क्रान्ति आउने कुरा पक्का थियो । त्यहाँ साँच्चै नै क्रान्ति आयो तर त्यो क्रान्ति उनले सोचेको जस्तो भएन र अझै विरोध गर्दै एउटा कविता रचे--

"प्रेम मात्र प्रर्याप्त छैन
यहाँ स्पष्ट गर्भाधान हुनुपर्छ,
यहाँ बुद्धि जन्माउनुपर्छ,
यहाँ लेनिन जन्माउनुपर्छ ।"

तर उनको क्रान्तिकारी सपना सोचेको जस्तो नहुँदा, उनी बौलाए । उनलाई जानी बनाउनको निम्ति राँची लगियो । फर्केर आएपछि उनले पहिले कै दुःखको सामना गर्नुपऱ्यो । उनी फेरि बौलाए । केही समयपछि कुनै उपचारै बिना मेरो सबैभन्दा प्यारो कवि रिमालले आफ्नो जीवन त्याग गरे ।

जीवन रक्षाको निम्ति

छिरीङ निडु भोटिया
बाह्रौं श्रेणी (विज्ञान)

सूर्यको सुनौलो किरण कञ्चनजङ्गा-माथि सोझै परेको हुनाले पर्वतको रानी दार्जीलिङ अति नै सुन्दरी देखिन्छे मानौं कुनै ख्यातिप्राप्त कारीगरद्वारा निर्मित देवीको मुर्ति नयाँ हरियो साड़ीमाथि सेतो साल ओढ़ी उभिएकी हुन् । सुनौलो दिन भएको हुनाले बजारमा मानिसहरू बगैंचामा भवँरा र पुतलीहरू झैं देखिन्छ । यही भिन्न एक नौजवान युवक उभिरहेको छ, जसको आकृतिबाट गोर्खाली सिपाही हुन् भन्ने सहजै थाहा लाग्छ । उ १९६२ सालको 'भारत-चीन' युद्धमा वीरगति प्राप्त गरेका चन्द्रकुमार क्षातीको जेठो छोरो प्रवीन क्षाती हुन् । पिताको मृत्यु पछि विधवी आमाको छाक पुऱ्याउन र भाइलाई पाठशाला पढ़ाउन राजबाड़ी (दार्जीलिङ्ग) छाड़ी गोर्खा सेनामा भर्ना भएर देहरादुन तर्फ लागेका थिए । हालमा उ दुइ महीनाको छुट्टीमा आएको छ । अनि उ बजारमा उभिएको केही क्षणपछि उसका नयनहरू केहि पाए जस्तो मुस्कुराउछन् औ उसको अघि उभिन्छे रातो साड़ी लाएकी गुलाब झैं – 'सुधा' ।

आज प्रवीन र सुधा दार्जीलिङ सधैंको निम्ति छाड़ने निर्णय लिएर आएकाछन् । कारण ती दुइको पवित्र प्रेम-लाई समाजको आँखाले अपवित्र देख्यो । मानिसलाई काटे सबैको शरीरबाट एउटै रातो खून बग्छ भनी चौकमा भाषण पिटने सुधाको बुवा रुद्रराज शर्माले प्रवीन र सुधाको प्रेमलाई स्वीकृति दिएन । समाजले बनाएको जात प्रथालाई मान्यता दियो ।

प्रवीन र सुधाले दार्जीलिङ छाड़ेर देहरादुन आएको पुरा एक वर्ष भएछ । औ यसको उपलक्षमा सुधाले खीर पकाउने भई । "कस्तो भएछ ?" सुधाले सुस्तरी सोधी ।

"तिमीले पकाए पछि अमृत बराबर"
'छि; अमृत त मिठो हुन्न.....।"

'ट्वाङ ... ट्वाङ..... ट्वाङ' फौजी घण्टी बज्न थाल्यो । सबै फौजीहरू आफ्नो-आफ्नो छाउनीबाट निस्केर घण्टी बजेको तर्फ लाग्यो । त्यहाँ हवलदारले सबै सिपाहीहरूलाई पंजाब जान तयारी गर्ने हुकुम सुनाए । कारण आतंकवादी-हरूलाई निर्मूल पार्न पंजाब जाने उनीहरू माथि हुकुम आएको छ । यही हुकुम मुताबिक प्रवीन नचाहेर पनि सुधालाई देहरादुनको फौजी 'क्वाटर' छाड़ी पंजाब जान वाध्य भएको छ । केहि दिनपछि फर्किन पाउँछु भन्ने आशाहरू लिएर प्रवीन पंजाब तर्फ लाग्यो 'थ्रि-टन' गाड़ीको आवाजसँग ।

प्रवीनले पंजाबमा प्रवेश गरेको पनि पाँच महीना पुरा भएछ । सुधाले साँझ पख सदैव मन्दिरमा पूजा गर्न थालेकि पनि पाँच महीना भएथ्यो । तर—एक बिहान सबैको कानमा एउटै कुरो गुञ्जन्छ— 'पतिको जीवन चाहने सुधाले आत्महत्या

गरी । फेरि केहीक्षण पछि अर्को शब्दहरू पवनको लहरीसँग दौड़न्छ—'गोर्खाली सिपाहीहरू पंजाबबाट देहरादुन आउँदैछन् ।'

पाँच महीनाको लामो अवधि पछि सुधालाई भेटन पाउने खुशीमा प्रवीनले रातो कश्मीरी शाल किन्छ औ क्वाटर तर्फ लाग्छ । तर उसको दहिलो हातबाट काश्मीरी शाल आफैं फुस्केर माटोमा पुग्छ, सुधाको मृत शरीरसँग ।

घड़ीले रातको बाह्र बजायो । तर प्रवीनलाई निद्रा पटक्क छैन । यस्तैमा दैलो अघि कोही आएको आवाज आउँछ औ कतैबाट कोठा भित्र एउटा सेतो पत्रा खस्छ जहाँ लेखिएको हुन्छ—

प्राणेश्वर प्रवीन,

तिमी पंजाब गएकोदेखि सदैव बेलुकीपख मन्दिरमा तिम्रो निम्ति पूजा गर्न जान्थें । तर आज जब म मन्दिरमा थिएँ तिमीहरूको अफिसर क्याप्टन मान सिंह'-ले तिम्रो अधिकार खोस्यो । औ उसले मेरो निर्वल शरीरसँग मात्र होइन, तिम्रो मेरो जीवनसँग पनि खेल्यो । आज स्वर्ण मन्दिर तिमीहरूले गोला बारूदबाट पवित्र बनायौ तर यो सानो मन्दिर मेरो शरीरले अपवित्र भयो मानसिंहको कर्मले । यहाँ स्त्रीहरू र मन्दिरको केहि महत्त्व छैन रहेछ । आज सानो मन्दिरमा स्त्री लुटिन्छ भने भोलि देश पनि लुटिन्छ । तसर्थ तिम्रा पथहरूमा भेटिएका मन्दिर सबै भत्किएको चाहन्छु । अन्तमा हृदयभरिको मायाहरू तिर्मीलाई ।

तिम्रो सुधा ।

पत्र पढ़ी प्रवीन पागल हुन्छ । औ ऊ मन्दिर जलाउन भनि तेल र सलाई टिप्छ । तर उसको भित्र आत्म कराउँछ—"प्रवीन; मन्दिरले होइन, मानसिंहले सुधालाई लुटेको हो ।" औ हातमा नाङ्गो खुकुरी लिएर उ सोझै दौड़न्छ क्याप्टन मानसिंहको क्वाटरमा .....।

प्रवीन सुधालाई लिएर दार्जीलिङ छाड़ी देहरादुन, आएथ्यो घर बसाउनको निम्ति । तर आज उ एकलो रूखो हृदय लिएर नेपाल तर्फ लागिरहेछ आफ्नो जीवन रक्षाको निम्ति ।

फर्केर हेर्दा

एस० यू० एम्० आई० छात्रावासका केही अनुभव—बी० सी० एस०

प्राक्कथन

मेकफार्लेन, चर्च आफ स्कटलेण्डको पूर्वीय हिमालयमा पठाइएको पहिलो कर्मी थिए १८७० मा दार्जीलिङ आएर तिनले एउटा सानो जगह लिएर प्राथमिक पाठशाला खोले तिनका सहकर्मीहरू हिन्दीभाषी थिए । यसैले यस पाठशालामा हिन्दी पढ़ाइन्थ्यो—अर्को पट्टि यसबेला सय वर्ष अघि नेपालीमा पाठ्यपुस्तक थिएन । (साठी सत्तर वर्ष अघि नेपालीलाई पर्वते, पहाड़े कुरा भनिन्थ्यो) । मेकफार्लेनले

अरुअरू ठाउँमा पनि विद्या-प्रसार गर्न लक्ष्य गरेका थिए । यसरी आफ्ना कल्पना साकार बनाउनलाई तिनी उचित ठाउँ-हरूका खोजीमा भ्रमण गरिहिँड्थे । १८७३ मा तिनी टिस्टा एउटा बेतले बनिएको पुलबाट तरेर कालिम्पोङतिर उकालो हिंडे । टिस्टा पूर्वको क्षेत्र १८६४-६५ को भूटान-युद्धबाट ब्रिटिश राज्यमा लिइएको थियो । यस नौलो ठाउँमा मेकफार्लेनले खोजेको जस्तै अड्डा भेटाएर सरकारसित जमीन विषयक लेखापढ़ी गरी एउटा घर बनाए । त्यही घरमा तिनको बासो अनि एउटा नयाँ पाठशाला थियो । एस० यू० एम० आइ० को पूर्वज यही हो । अहिले को बालिका विद्यालयको शिशुविभागको घर त्यही प्रथम पाठशाला हो ।

१८९१ को फरवरी ९ तारीखमा श्रीमती ग्राहमले बालिका-विद्यालय खोलिन् । यस योजनाको उत्तरोत्तर विकाश हुनाले पाठशाला चाहियो । त्यस कारण एस० यू० एम० आई का संचालक समितिले १९०४ को जूनमा एस० यू० एम० आई० नयाँ भवन निर्माण शुरू गरी अक्टोबर १९०५ मा सिद्धयायो र वर्त्तमान स्थानमा १९०६ मा बसैं सर्‍यो । यस भवनको माथिल्लो तल्लामा एकापट्टि दुइवटा अनि अर्कोपट्टि २४ वटा ससाना सुत्ने कोठा बनाइएका थिए । १९०६-०७ मा अर्को भवन रोवर्टसन होस्टेल बनाइयो । यसको माथिल्लो तल्ला-मा अठारवटा सुत्ने कोठा थिए । यसरी एस० यू० एम० आई० मा टाढाटाढाबाट आएका छात्रहरूले बसोबासको चिन्ता नगरी छात्रवासमा बास गर्दै विद्योपार्जन गर्दै थिए । पचास वर्षअघि नयाँ छात्र-वास बनाइयो र वर्त्तमान छात्र त्यस नयाँ भवनमा बास गर्छन् ।

छात्रवासमा छात्रहरू खूबै अध्ययन गरून् भनेर मातापिता वा अभिभावकहरूले पठाउँछन् तर दिनका छ/सात घण्टाको पढ़ाईले मानसिक थकाइ लागेको हुनाले छात्रहरूलाई मनोविनोदको निम्ति हाँस-खेल, क्रीड़ा वा शारीरिक विश्राम गर्नु आवश्यक पर्छ । तर अधिकांश छात्रहरू यस मानसिक विश्रामद्वारा आफ्ना थकाइ मारेर अध्ययन-मा लाग्दैनन् । उनीहरू पलंगमा पल्टेर हाँस-खेल गर्दै समय बिताउँछन् – कोही-कोही छात्रहरू बाहिरी शारीरिक व्यायाममा धेर समय लाउँछन् । सुत्नुभन्दा अघि छात्र-वासमा प्रायः एक घण्टा जस्तो समयमा छात्रहरूमा आफ्ना-आफ्ना दिनभरिका कार्य कलापको वर्णनको आदान-प्रदान हुन्छ । यो समय बड़ो आनन्ददायक हुन्छ । कहिले काहिँ त यस्ता-यस्ता कथाहरू दुइ तीन घण्टासम्म गरिन्छन् र समय बितेको पत्तो हुँदैन । हुनता अति सर्वत्र त्याज्य हो तापनि भइहाल्छ ।

यी घटनाहरू एस० यू० एम० आई० का छात्रवासमा यस सदीका दोस्रो र तेस्रो दशकमा भएका घटनाहरू हुन् । लेखक स्वयं छात्र थियो र उसले त्यस बेलाको छात्रवासका मनोरञ्जक घटनाहरू वर्त्तमान सुमियनहरूको मनोरंजनको निम्ति लेखेको हो ।

आपतकालिन् सुताइ

प्रथम विश्वव्यापी महासमर ११/११/१९१८ मा ११ बजे थामियो । विजयी ब्रिटिश साम्राज्यभरि तीन दिने विजयोत्सव मनाइन्दा कालिम्पोङ पनि त्यस उत्सवमा सामिल भयो । मेलाटारमा दुइ दिनसम्म छात्रहरूका खेलकूद बस्तीवालाहरूको मारुनी नाच, डम्फू नाच, मादलेहरूका ताँत,

भोटिया नाच, फूटबल र हक्कीका खेलले साँच्चै नै जनतामा आनन्दको लहर उत्पन्न भयो। दोस्रो दिनका मनोरञ्जनहरू समाप्त भएको साँझमा छात्रवासमा पनि एउटा उल्लेखनीय घटना भयो।

कोठामा अठार जना खाँदाखाँद गरी बसेका छात्रहरू गफ दिउँसोका कुरा गर्दै हाँस्दै थिए। एकजनालाई दिउँसो मिठाइवालाले मिठाई बाँड्दा मिठाईको टोकरी खन्याइदिएको कुराले जम्मै छात्रवास हाँसोले गुञ्जायमान भयो। अर्कोको शिरमा सुन्तला बाँड्नेले सुन्तलाको टोकरी ध्वाप्प लाइदिएकोले उ लड्देकोले दुइ तीनजना थिचिएर उसले चिउरा खाएको घटना कर्मसहित बतायो। अर्को हाँसोको विस्फोट अघिल्लोसित मिसियो अनि ३/४ जना संगीहरू उठेर ढटवारे नाँच गर्न थाले। समय बितेको थाह भएन। एघाह्र बजिसकेछ पत्तो भएन।

ठूलो आवाजमा "तूम लोग वहाँ क्या करते हो? क्यों सोए नही?" भन्ने प्रश्न सुनियो। चकमन्न सबैजना कान ठड्याई सुनिरहे। पटाइमा जुत्ताको शब्द सुन्ना साथ सबैले आफना-आफना पलंगतिर सुइकुच्चा ठोके। कोट, सुरुवाल, जुत्ता नफुकाई-ओढ़न नओढ़ी सबै चूपचाप आफना-आफना पलंगमा लमतन्न परे। तीन-चार मिनटपछि ध्याप्प ध्याप्प गर्ने शब्द सुनियो ढोका उघारियो एकछिन पछि डा० सदरलण्ड छात्रवासका दुवैतर्फका पलंगमा पल्टिएका छात्रहरूको परिदर्शन गर्दै वारपार घुमे। जुत्तेसित कुकुक परेका, लमतन्न परेका, छातीमा हात राखेका, घोप्टो परेर ग्यास छाड्दै गरेका, घोप्टिएर घुर्दै गरेका १२ देखि १८ वर्षका छात्रहरूलाई यसरी देखेर उनी खुशी भए र आफै एक्लै गदगद भई हाँसे र फर्के। आधा रात बितेछ।

भोलिपल्ट बिहान साढ़े छ बजे बाइबल क्लासमा डा० सदरलण्ड आए। मुसुक्क हाँस्दै तिनले भने—"रोबर्टसन होस्टेल के छात्र जैसा सोते हुए मैंने देखा, वैसा अबतक किसी छात्रको सोता हुआ नही देखा। परन्तु यह कहना है कि रातका अधिक समय नींद में बिताना चाहिए।

परीक्षा सिद्धियो, अब छुट्टी आउँदै थियो। छात्रवासमा छात्रहरू सुत्नुभन्दा अघिको समय एउटा कोठामा हाँस-खेल गर्दै बसिरहेका थिए। छुट्टीमा के गर्ने-कता जाने, नयाँ-नयाँ काम पाए गर्ने कुरा चल्दै थिए। उतापट्टि वरण्डामा लट्ठी ठोकिएको सबैले सुने तर ध्यान दिएनन् दुइ, तीन मिनटबाद फेरि त्यही आवाज आयो। सबै शान्त भए। बरण्डा-बाट "ए ढुंगा! तँ यहाँ कसरी आइस? म ठीक पार्छु" भन्ने धमकी सुनियो। लट्ठीले वरण्डालाई कुट्दा सबैजना उठे गएर हेरे। चरी नामक साथी पो रहेछ। कुम्लो-कुटुरो कसी छुट्टीमा घर जाँदै रहेछ। तर आँखा चिम्म-निद्रामा नै रहेछ, बत्ती लाएर हेर्यौं - आँखा चिम्म, कोट, पेन्ट, जुत्ता लाएको, कुम्लो कसेको ठीक। उसको कोठामा उसका सब चीज बाकसमा ठीक-ठाक बन्द—तर आँखा चिम्म।

एकजनाले एक ग्लास पानी खन्याउँदा पो ब्युँझ्यो र आछु आछु भन्दै आँखा उघार्‌यो। त्यसपछि उसले भन्यो "म ता स्कूल बन्द भएछ रे र घर फर्कन्दै थिएँ—बाटोमा ढुंगाले जान दिएन र नाघेर जान भन्दै थिएँ तिमीहरूले न ब्युँझाएको भए म आज गर्ने थिएँ।"

उसँग मस्केका मेरा आवाजहरू

कर्ण बहादुर वामलिङ
नवौं श्रेणी

हिँड्दा हिड्दै बाटो भुलिन्छु
अनि यौटा कल्पनामा आइपुग्छु,
बतासँगै खेल्न खोज्छु
फेरि ठोक्किएर कल्पनामा नै आइपुग्छु,
अनि यौटा गीत गाउँछु
तर सुन
म कस्तो गीत गाऊँ
तिमीलाई खुशी पार्ने ?
तर होइन
तिमीलाई दुखित पार्ने ?
तब कस्तो गाऊँ ?
उफ् बोल्दिनौं
तब
अरू मानिस कसरी बोलोस्
भन तिमी
म कस्तो गीत रचुँ ?
उफ म छक्क पछु
अहो ! तिमी पनि गाउने ?
त्यसो त म गीत रच्छु नी
अहा ! गीत पनि नरच्नु ?
किन ?
गीत पनि रचन सक्छयौ ?
त्यसो त
म संगीत भरिदिन्छु
तिमी अब गाउन सक्छयौ,
म मादल बजाऊँ है त !
हुँदैन किन ?
गीटार बजाउनु ?
मादलमा ताल मिल्दैन 'र ? के गीटारमा मात्रै मिल्न सक्छ ?
होइन मादलमा पनि मिल्न सक्छ, गाइहेरन,
अरे ! हुँदैन 'रे ?
किन ?
[illegible]

अहा ! मिल्छ नी मादलमा पनि
यी हाम्रा पुर्ख्यौंली धन हुन्
सुनिहेरन
हो ! कस्तो राम्रो सुन्छ,
मन परेन ?
किन ?
गाइहेरन ताल मिलाऊँ
लजाउँछौ.....
तब किन ?
एकपल्ट गाउन, ताल मिलाऊ गीतसँगै,
लाज लाग्छ ?
कसरी ?
होइन एकपल्ट गाऊ मात्रै, कस्तो मिठो सुन्छ,
थोत्रे मादल ?
त्यसो त कङगो बजाउनु ?
तर म बजाउदिनँ
मादलसँग गाइहेरन कस्तो मिठो सुन्छ, मादलको र सुरिलो लयमा ।
अब गाउन
हो ! कस्तो मिठो सुन्यौ,
जम्मै गाउन
मादलको तालमा गीत गाउन, उसलाई नसोध, बरू मलाई
सोध्न सक्छयौ,
तर म
तिमीलाई सोध्दैछु
अहा ! कस्तो मिठो स्वर
यो गीत त गोठाला जाँदा, डाँड़ामा बसेर साथीहरूसँग गर्फिँदै
गाउने मीठो गीत
अहो तिमीलाई गोठाले नभन्नु ?
तर यी गीत
झरना ठोक्किएर सृजना भएको कलकले आवाज हुन्
अनि गोठालाहरूले गीत ठानेर लय हालेका हुन्
तब कसरी लयाउन सक्छयौ,
तिमी आफैलाई सभ्य नठान
कङगोसँग मादल साटेर
तर ती झ्याउरे गीत पनि

वास्तवमा कम छैनन् नी
सायद तिमी सभ्य भएर
मादल बिर्सन खोजेको हौ कि ?
तर हामी अझै पनि
वास्तवमा सभ्य हुन् सकेका छैनौं
किनकि हामी अल्लाई मान्यता दिन्छौं ।
उफ बोल्दिनौं अब
तर अब त
तिमी नबोले पनि
म दुखित हुने छैन
बरू म आफै
मादल नै बजाएर भए पनि
ह्याउरे गीत नै गाउँछु
किनकि
मलाई ह्याउरे गीत नै प्रिय लाग्छ,
सायद
तिमी त अरू किसिमको गीत गाउछ्यौ होला
तर म सधैं आफ्नै ह्याउरे गीत गाउँछु ।

साधारण-ज्ञान

(संकलन)
सुरेन्द्र कुमार थापा
नवम् श्रेणी 'ख'

१ अमेरिकाकी "सेलीक्राइड", जो विश्वमा अन्तरिक्षमा सर्वप्रथम यात्रा गर्ने एक महिला हुन् ।

२ "कस्तुरा" प्राणीले एकपल्टमा एक करोड़ साठी लाख फुल दिन्छ ।

३ "समाचार पत्र" सबैभन्दा पहिले चीन देशमा प्रकाशित भएको थियो ।

४ मध्य एशियामा पाइने एक प्रकारको फटेंग्रा जो "पराध्वानिक श्रवण" शक्तिमा सबैभन्दा तेज हुन्छ । यसले ४५००० कम्पन प्रति सेकेण्डको ध्वनि सुन्न सक्छ ।

५ सन १८९५ मा सर्वप्रथम "बाइस्कोप"-को आविष्कार अनि प्रदर्शन भएको हो ।

६ सगरमाथा (एभरेष्ट)-मा पुग्ने प्रथम महिला श्रीमती "जंकोतोवेई" (जापान) हुन् ।

७ विश्वको सबैभन्दा प्राचीन महाविश्वविद्यालय "क्यारोविन" हो। यो खृष्टपूर्व ८५९ मा स्थापित भएको हो।

८ संसारका प्रथम महिला डाक्टर "एलिजाबेथ ब्लकवेल" हुन्।

९ विश्वका सर्वाधिक बिक्री हुने दैनिक समाचार पत्र "आउसन" हो, यो जापानको राजधानी टोकियोबाट प्रकाशित हुन्छ।

१० सबैभन्दा अग्लो घर स्सको "सोभियत प्यालेस" हो, यो १३००० फूट अग्लो छ।

११ "सेन्डी" कुखुराले हरियो फुल पाछे।

१२ बाह्रै मास वसन्त ऋतु हुने शहर "किवटो" (अमेरिका) हो।

१३ "भेटीकन शहर" विश्वको सबैभन्दा सानो देश हो। यसको क्षेत्रफल ०.१७ वर्ग-माइल छ।

१४ "साल्वेरेनस" माछाको शरीर कत्लाको बदली नरम भै हुन्छ।

१५ पृथ्वीको ओजन ६,०००,०००,०००,०००,०००,०००,००० टन छ।

१६ आधा रातमा सूर्य देखिने शहर "नर्वे" हो।

१७ "रिड्ड लिम्पोट" कीरा ढुंगामा यति बलियो टाँसिएको हुन्छ, यसको खुट्टा उचाल्नु १० पाउण्ड बराबरको तागत चाहिन्छ।

१८ संगीत सम्राट् "मोजार्ट बुल्फ्याांग एमेड्यूस"-को जन्म १७५६ सालका अष्ट्रियाको सतलजवर्गमा भएको हो।

१९ "गरनाड" माछा पानीमा पौड्नु, जमीनमा हिँड्नु र आकाशमा उड्नु सक्छ।

२० कपुर काठबाट निस्कने एक किसिमको सेतो पदार्थ हो।

२१ संसारमा सबैभन्दा ठूलो घण्टा मास्कोमा छ। जसको वजन प्रायः १९३ टन छ।

२२ २ दिसम्बर १९८२ मा उथा विश्वविद्यालयको मेडिकल सेन्टरमा ६१ वर्षीय डा० "वार्नी क्लार्क"-लाई, सल्टलेक सिटी (अमेरिका)-मा विश्वको सबैभन्दा प्रथम कृतिम (यांत्रिक) हृदय लगायो।

२३ सन १९३५ मा "जेम्स चेडविक" अंग्रेज वैज्ञानिकलाई न्यूट्रोनको खोजी गर्नमा नोवेल पुरस्कार दिइयो।

२४ एउटा ब्रिटिश जहाज, जो हेनरी ८ को राजत्वकालमा १९ जुलाई १५४५ मा फ्रान्ससँग युद्ध गर्न पठाइयो, तर ७०० सिपाही सहित त्यो जहाज डुबेको थियो, औ ४३७ वर्ष पछि १९८२ को जुलाई महीनामा त्यसलाई समुद्रतलबाट निकालियो।

२५ "माथरिअनिड" कीराले कहिल्यै अण्डा र बच्चा दिँदैन। आफनो वंश वृद्धिका लागि दुइ भागमा चुड्निछ र चुड्निएको अर्को भागमा तुरन्त टाउको आँखा र खुट्टा बनिहाल्छ।

२६ विश्वका दुइवटा वन्यप्राणी "ल्लामा" ओ 'गेजल्ले"-ले पानी पिउँदैनन्।

पृथ्वी बाहिर जीवनको सम्भावना

किशोर राई
बाह्रौं श्रेणी, विज्ञान विभाग

२४ जुन १९४६ को दिन आकाश सफा थियो। त्यस दिन केनेथ आर्नोल्ड नामक दक्ष पायलट केसेड पहाड़मा खसेको वायुयान खोज्न निजी वायुवान वासिङ्गटन बाट चलाइ रहेका थिए। एक्कासि तिनले तेजिलो डबका आकारको वस्तु आकाशमा उड़िरहेका देखे। त्यस वस्तु घण्टाको १२०० माइलको वेगले उड़िरहेको थियो। पछि तिनले भने यहि पृथ्वीको मानिसले देखेका पहिलो 'उड़न' तस्तरी वा उड़ने डबका (flying saucer) थियो। त्यस उप्रान्त पृथ्वीमा सयकड़ौं यस्ट उड़न तस्तरीको उपस्थितिको खबर पाइएका छन्। तर आजकल त्यसलाई पूर्ण रूपले न जानिएको हुनाले त्यसलाई "न जानिएको उड़ने वस्तु" (U. F. O.—Unidentified Flying Object) भन्दछ।

यस विषय लिएर "क्लोज इन्काउन्टर अफ् द थर्ड काइन्ड" (Close Encounter of the Third Kind), स्टार ट्रेक् (Star-Trek) जस्ता चलचित्र पनि बनिएका छन्। विभिन्न देशका वैज्ञानिक संस्थाहरूले खोजी गरी यति सम्म पत्ता लाउन सकेका छन् कि यी उड़ने डबकाहरू पृथ्वीका कुनै मानिसको कार्य चाहिँ होइनन्।

तर प्रश्न उठ्दछन् कि—के यी वस्तुहरू पृथ्वी बाहिरबाट आएका हुन्? यदि हुन् भने पृथ्वी बाहिर मानव वा मानव जस्तै कुनै जीवित प्राणी छन् त? यी प्रश्नले आज पृथ्वीका घेरै जसो वैज्ञानिकहरूका टाउको खाइरहेका छन्।

यस खोजीमा सर्वप्रथम चन्द्रमातिर ध्यान दिऊँ। चन्द्रमा सबैभन्दा नजिकको उपग्रह हो। यहाँ ठूला-ठूला सागर वा समुद्रको खाल्डाहरू भए पनि जलविहीन छन्। यसर्थ यद्यपि कार्बनिक यौगिकको उपस्थिति भए पनि पानीको अभावले एमाइनो अम्ल बनिन सक्दैन। अत जीवित प्राणीको त प्रश्न नै उठेन। यसको प्रमाण "एपोलो", "सोयुज" जस्ता कृतिम उपग्रहहरूको खोजीद्वारा पत्ता लागिसकेको छ। चन्द्रमा भन्दा साना अरू सबै ग्रहहरूका त्यही हालत छन्।

अब अर्को ग्रह शुक्रतिर हेरौं। यस ग्रहलाई कार्बन डाइ अक्साइड (CO_2) ग्यासले घेरिराखेका छन्। यहाँ समुद्र छैन तर पहाड़हरू छन्। यसको तल्लो तहको तापक्रम 800°C छ। तर माथिल्लो तहको वायुमण्डलको तापक्रम भने—8°C छ। यसर्थ माथिल्लो र तल्लो तहको बीचको वायुमण्डलमा भने कुनै जीवित वस्तुको उपस्थिति हुन सक्छ।

मंगल ग्रहमा कार्बन डाइ अक्साइड, नाइट्रोजन, आर्गन र जल वाष्पको पातलो वायुमण्डल बनिएको छ। मंगल ग्रहको कुनै-कुनै स्थानमा दक्षिण ध्रुवमा जस्तै जमिएको झिल देखिन्छ। सायद यस्ता ठण्डा स्थानमा कुनै "सूक्ष्म जीव" बस्छन् कि भन्ने वैज्ञानिकहरू सोचाईमा छन्। यही आकाशमा जुलाई १, सेप्टेम्बर १९७६ मा अमेरिकाले दुइवटा उपग्रह भाइकिङ्ग—I

र भाइकिङ्ग—II (Viking—I & Viking—II) मंगल ग्रहतिर पठाए तर कुनै जीवित वस्तुको पत्तो लागेन ।

अब बृहस्पति ग्रह तर्फ हेरौं । यसलाई हाइड्रोजनको बाक्लो तहले छेकेको छ । यसमा मिथेन (CH_4) अनि जल वाष्प पनि मिसिएका छन् । यसको वातावरण ठीक समयमा पृथ्वीमा प्रथम जीवनको सृष्टि भएको थियो । यसकारण बृहस्पति ग्रहमा पनि तल्लो श्रेणीको जीवको उपस्थिति हुन सक्छ । यसबाहेक अरू ग्रहहरू जस्तै शनि आदि ग्रहमा पनि "जीवन छ" वा "छैन" भन्न सकेका छैन ।

ग्रहहरू बाहेक अब उप-ग्रहहरू तफ जीवनको कल्पना गरिरहेछन् । हाम्रो सौर्य मण्डलमा ३३ वटा उप-ग्रहहरू छन् । यी मध्ये छवटाका परिधि २००० माइल भन्दा बेसी छ । अनि पाँचवटाको हालत चन्द्रमाको जस्तो छ । छैटौं उप-ग्रह "टिटान" जो शनिको दशौं उप-ग्रह हो अनि यसको परिधि ३००० माइल छ; यसको वायु-मण्डलमा मिथेन, हाइड्रोजन र कार्बन डाइ अक्साइडले बनेको छैन यद्यपि यसमा पेट्रोलियमको सागर छ भन्ने शंका गरेको छ । यो पृथ्वीदेखि ८० करोड़ माइल टाढ़ामा छ । तब पृथ्वी बाहिर कुनै जीवनको खोजीमा हाम्रो सौर्य मण्डल बाहिरतर्फ दृष्टि जाँदछ । हाम्रो सौर्य मण्डल बाहिर कुनै नक्षत्र वा यसका ग्रह, उप-ग्रहहरूमा सायद यस्तो वातावरण हुनसक्छ, जहाँ कुनै जीवन बाँच्न सकोस् । यदि नक्षत्र हाम्रो सूर्य जस्तै भए कुनै जीवन सम्भावना हुँदैन तर यसको उप-ग्रहहरूका भने सम्भावना छ ।

हाम्रो ग्यालेक्सी (Galaxy) आकाश गंगा (Milky way) मात्र १३५०० वटा नक्षत्रहरू छन् । त्यहाँ प्रत्येक नक्षत्रको आफ्नै ग्रहहरू छन् । २५ प्रकाश वर्षको (१८६००० × २४ × ६० × ६०) माइल परिधि-भित्र मात्र एक सयवटा नक्षत्रहरू छन् । फेरि "पालोमोर टेलीस्कोप"-द्वारा हेर्दा दशकरोड़ ग्यालेक्सी देख्न सकिन्छ; जुन चाहिं हाम्रो वृहत ब्राह्माण्डको एउटा क्षुद्र अंश मात्र हुन् । यसर्थ प्रत्येक ग्यालेक्सीमा एक-एकवटा मात्र सूर्यको जस्तै ग्रह भए करोड़ौं ग्रहमा मानिसको जस्तो सभ्यता भएको जीवनको सम्भावना छ ।

यद्यपि पृथ्वी बाहिर पनि मानिस जस्तै वा मानिसभन्दा विकसित जीवन भए पनि अहिलेसम्म पृथ्वीका मानिससँग सम्पर्क राख्न भने कुनै चेष्टा गरेका छैनन् । तर पृथ्वीका मानिसले भने उनीहरूसँग सम्बन्ध गाँस्न बारम्बार असीम प्रयास गरिरहेका छन् । पृथ्वी बाहिरका जीव सभ्यतासँग सम्बन्ध जोड़ने पहिलो प्रयास १९६० मा एफ० ड्रेक भन्ने मानिसले गरे । तिनले नेशनल रेडियो एस्ट्रोनमी सेन्टर, वेस्टर्न भर्जिनीयाको ग्रीक ब्यांक लेबरटोरी-बाट प्रोजेक्ट ओजमा नाम दिएर दश प्रकाशवर्षको दूरीमा भएका टाड़ सेड़ी र एपसीलोन एरेडानी नामक ग्रहतिर रेडियो टेलिस्कोपद्वारा नीरक्षण गरे । तिनले मई महीनादेखि जूनसम्म १५० घण्टा जति पर्खे तर निष्फल भए । फेरि १९७४—७५ तिर ८००० प्रकाशवर्षको दूरीसम्म कुनै विकसित सभ्य जीवन पृथ्वी बाहिर छन् कि भनेर रेडियो सूचना पोर्टोरिकोबाट पठाइयो तर कुनै संकेत पाइएन । तर पनि

पृथ्वीका मानव जातिले हरेस खाएको छैन् (NASA), ब्रिटिस इन्टर प्लानेटरी सोसाइटी अथवा संस्थाले अथक प्रयास गरिराखेका छन् । धेरैले शंका व्यक्त गरेका छन् कि अहिलेसम्म पृथ्वी बाहिर-बाट कुनै सन्देशको उत्तर दिन उनीहरू सफल भएका छैनन् । फेरि अर्को तर्फको विचार छ कि उनीहरू हामीभन्दा धेरै बुद्धीमान् र विकसित छन् । यसर्थ हाम्रो सन्देशको उत्तर दिन कुनै आवश्यक ठान्दैनन् तब शंका जाग्दछ कि "के हामीले यस्ता नजानिएका सभ्यतासँग सम्पर्क गाँस्न उचित छ त ?" हुन सक्छ उनीहरू हाम्रो सम्पर्क साध्ने प्रयासमा हामीलाई निर्घो ठानी विध्वंशक हमला पो गर्नेछन् । हुनसक्छ उनीहरूको अघाड़ि हाम्रो अस्तित्व "मानिसको अघि कमिलाको सरह हुने हो । यसबाट हामीलाई फाइदा हुने छ कि नोक्सान ?" यो पनि मानिसका निम्ति प्रश्न चिन्ह नै छ ।

प्रेमको दृष्टि

भवानी दास
पाँचौं श्रेणी

प्रेम गरौं सबलाई
नगरौं घृणा कसैलाई
स्थान दिऊँ प्रेमलाई नित्य
सबले जानोस् हाम्रो महान सत्य ।

माइने-थाइने दीन-दुःखी सबलाई
समाजमा राखौं यस्तैहरूलाई
सबैलाई हेरौं प्रेमको दृष्टि
यो सबै हुन उनै ईश्वरकै सृष्टि ।

कर्तव्य विद्यार्थी जीवनको कस्तो ?
यो एक सुन्दर फूल जस्तो
विद्याले सिकाएको करुणा झल्काइदिऊँ
दुष्ट कुरा र निचकाम सबै मिल्काइदिऊँ ।

असहायको आँसु बहन्छ कुन पिरले
यो बुझ्न सक्छ के अमीरले ?
यस्तैहरूको हृदय बुझिदिने
हामी बनौं सबको आँसु पुछिदिने ॥



The Chief Guest opening a picture gallery of Ex-S.U.M.I. Staff-members.

'FOND MEMORY BRINGS THE LIGHT OF OTHER DAYS AROUND ME'

The Chief Guest is being shown around.

BE IT A WEAKNESS, IT DESERVES SOME PRAISE
WE LOVE THE PLAY-PLACE OF OUR EARLY DAYS

S.U.M.I. Old Boys in the Foundation Day 1964.

गफ मात्र

उर्गन लामा
"दशौं श्रेणी ख"

वकिल—के तिमीले साँची नै रमेशको प्राण लियौ ?

खुनी —हजुर ! मेरो मालिक ! मैले त उसको पेटमा छुरी मात्र घुसाएको थिएँ ।

× × × ×

प्रेमिका —[प्रेमीलाई] म तपाईंलाई जति माया गर्छु के उति नै तपाईं पनि मलाई माया गर्नुहुन्छ ?

प्रेमी—[नम्रसाथ] छि ! कस्तो कुरा गरेकी प्रिये ! तिमीलाई म प्राणभन्दा पनि ज्यादा माया गर्छु ।

प्रेमिका—[छुरी दिँदै] उसो भए मेरो आँखा अघि पेटमा छुरी भसाएर प्राण दिन्छु भन्ने प्रमाण दिनोस् त !

× × × ×

बिजय छेत्री
एघारौं श्रेणी "कला"

रोगी डाक्टर साहेब आईफल खानुहुन्छ ?

डाक्टर—ल्यै, भर्खरै खाना खाएर आएको लेउ न त खाइदिऊँ ।

रोगी - होइन ! मैले पो खानु हुन्छ कि हुँदैन भनेर सोधेको ।

× × × ×

एकजना व्यक्ति चिया पिउन एउटा होटेलमा गयो । उसले बेरालाई चिया माग्यो र पिउन थाल्यो । एकक्षणबाद उसले बेरालाई एक चम्चा चिनी माग्यो र ख्वाप्पै मुखमा हालेर हल्लिन थाल्यो । यो देखेर बेरा छक्क पऱ्यो र उसले गएर त्यस मानिसलाई सोध्यो—"तपाईं किन हल्लिनुभाको ?

त्यस मानिसले जवाब दियो—"अघि चिया खाँदा चिनी लागेको थिएन र अहिले चिनी खाएर घोलेको नी !!

× × × ×

उमेश [रमेशसित]—मेरो बाजे मर्दा लाखौं धन-सम्पत्ति छोड़ेर गए ।
रमेश—मेरो बाजे मर्दा त झन संसारै छोड़ेर गए ।

× × × ×

प्रकाश खातो,
सुदेश खाती
दशौं श्रेणी "क"

साधु—नानी तिम्रोमा जे छ, भगवान्को नाममा दान गर ।
युवक—साधुबाबा मेरोमा सिर्फ पाँच रुपियाँ मात्र छ ।

साधु—त्यही पनि दान गर ।
युवक—[रिसाउँदै] पाँच रूपियाँ दिन्छ ।
साधु—नानी, तिमीसँग म धेरै खुशी छु, माँग तिमीलाई के को दुःख छ ?
युवक—साधुबाबा अहिले लगेको पैसा दिनुहोस् ।

× × × ×

(खाना खाइरहेको बेला)
पहिलो मानिस—खाना खाइसके पछि मुला खाए हजाम हुन्छ ।
दोस्रो मानिस—होस्.....साथी, होस बरू मुला पनि खाऊ हजाम पनि हुन्छ । केश काटी हिँड्ने मेरो इच्छा छैन ।

महान व्यक्तिहरू के भन्छन् ?

उर्गेन लामा
दर्शौं श्रेणी 'ख'

जसले एक्चोटि विश्वासघात गर्छ केरि त्यसको विश्वास नगर—शेक्सपियर ।
जो मानिस अन्धा विश्वास छैन त्यो मानिस नास्तिक हो—स्वामी विवेकानन्द ।
शान्ति बस औ विश्वास गर अनि कहिले निराश नबन—गान्धीजी ।
कसैको प्रशंसा गर्नमा आफ्नो समय नष्ट नगर तर, त्यसलाई अप्नाउने प्रयास गर—कार्ल मार्क्स ।
मानिसबाट घृणा गर्नु सबभन्दा ठूलो अपराध हो—यीशु ख्रीष्ट ।
कल्पनाशील व्यक्ति नै संसारका सबभन्दा धनी व्यक्ति हुन्—देवकोटा ।
आत्म विश्वास नै जीवनको सबभन्दा ठूलो शक्ति हो—टाल्सटाय ।
बाँच्नुको मतलब मोज गर्नु होइन तर अरूको निम्ति सेवा गर्नु हो—गान्धीजी ।
जीवनलाई ग्रीष्मकालको फूल जस्तै तथा मृत्युलाई शरद कालको पात जस्तै सुन्दर बनाऊ—रवीन्द्र नाथ ठाकुर ।
क्षेत्रीको छोरो यो पाउ छुन्छ बिनले छुदैन । मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन । — देवकोटा—"मुना मदन ।"
जब तिमी हाँस्छौ संसार नै हाँसिदिन्छ, तर जब तिमी रून्छौ तब त्यहाँ कोही रुदैन—श्री देव ।
काट-मार औ हिंसा नगर तर त्यसलाई प्रेम गर्ने प्रयास गर—बुद्ध ।
जसरी रूखमा फल फल्दा रूख लटकिन्छ त्यसरी नै धन आउँदा सज्जन मान्छे पनि नम्र हुन जान्छ—कालिदास ।

प्रभा

दिलीप भोक्तान
बाह्रौं श्रेणी (कृषि विज्ञान)

रात शुनशान छ । यो कालो रातलाई घड़ीको प्रत्येक पल-पलहरूले अझ कालो बनाइरहेछ—मानौं यो रात अब धरतीको गर्भभित्र आफैलाई सधैंको निम्ति हराइदिन जाँदैछ । घरि-घरि चिसो हावाले यो निष्प्राण र बिहोशी रातहरूलाई झक्-झकाएको प्रतीक हुन्छ । यत्तैमा गिर्जा-घरको घण्टीले रात्को एघार बजाईछ तर प्रभाको आँखामा निद्रा पटक छैन । 'उ' घरि यता पल्टिन्छे घरि...उता पल्टिन्छे । घरि-घरि 'उ' यसै टोलाउँछे—मानौं हृदयको सारा दुःख-पीर र मानसिक पीड़ाहरूलाई 'उ' त्यो कालो रात, यो शुनशान रातभित्र हराइदिन, पोखिदिन खोज्छ, तर दुनियाँदेखि टाढ़ाको एकान्तले, शून्यताले अझ उसलाई दुखाइदिन्छन् । 'उ' यस्तै-यस्तै शीतल, शान्त रातहरूमा आफ्नो दुखे घाउहरू सुकाउँथी—प्रतिदिन । तर .. याद बल्झाउने हृदयहरूले अझ धेरै आँसुहरू बहाउँछन् । 'उ' यसरी नै छट्पटिन्छे—सँधै नै ! अब त छटपट्टि नै उसको जीवनको सार भएको छ । प्रभा आफ्ना दुःखदायी कथा लिएर सधैंको निम्ति हराइदिन चहान्छे, विश्वको एक कुनामा बिलाएर जान खोज्छे तर सक्दिनँ, सक्छे त, यै निर्मम दुनियाँमा रहेर आँसु बहाउन !

प्रभाले फेरि पनि एकपल्ट चिहाएर विगत दिनहरूलाई हेरी । त्यो खरसाङको बाल्य-जीवन, डाउहिलको छात्रा-जीवन त्यस-पछि अनायसै एकदिन प्रदीपसँगको प्रथम भेट । कति सुखी र खुशी थिए—ती दिनहरू ! यस्तै प्रेम-पथमा फेरि एकदिन एउटा पर्खाल उभिदिन्छ—प्रभाको मंगनी ! ती दुइ भागेर भूटान आइपुग्छन् । काम नपाएर कति दिन ती दुइ भोक-भोकै बस्छन् । अन्तमा केहि नलाग्दा लाचार भइ रोडमा काम गर्न थाल्छन् । यसरी सुखका दिनहरू पछि, दुःखका दिनहरू अब देखा पर्न थाल्छन् । तीं दुइको त्यो मजदूरीमा कहिले मट्टीतेल हुँदैन, कहिले चामल हुँदैन त कहिले के ....। यस्तै-यस्तै अभावहरूसंग सामना गर्दै-गर्दै भएपनि भूटानको एक कुनामा चारवर्ष बिताउँछन् । यहि चारवर्षको अवधिमा ती दुइले एउटा अनमोल वस्तु पाउँछन्—एउटा बालक ।

ईश्वरको लीला यस्तै हुन्छ । मरण-शील प्राणी ईश्वरको इच्छामा सीमित रहन्छ । अनि... एकदिन ... काम गर्दा-गर्दै पहिरो आएर प्रदीप प्रभादेखि टाढ़िन्छ—सधैं-सधैंको निम्ति प्रभालाई विधवीको उपाधि दिएर ।

अहिले उसको आँखाभरि आँसु पलाउँछ, छेवैमा सुतिरहेको अबोध शिशु-लाई छातीमा टसाउँछे । रात क्रमशः गहिरिँदै जाँदैछ, अनि उसको आँखाबाट लगातार आँसु बगिरहन्छ ।

यसरी नै कालो रातलाई हटाएर, धुप्रै व्यथाको गीतहरू गाउँदै आज पनि बिहानीहरू प्रभा, विधवी प्रभालाई अंगाल्न आइपुग्यो । तर यो भेटमा खुशियाली छैन, हाँसो छैन, छन् त केवल आँसु, मात्र आँसु ।

नेपाली भाषामा अनेक रूप र हामी

(भाषा विज्ञान)

होराकुमार छेत्री
एघारौं श्रेणी 'कला'

"भाषा नै हो सभ्यता हाम्रो
सारा उदय उन्नति,
जीत वैभव भाषामै
बाँच्तछन् पछिसम्म यी ।"
—स्व० बालकृष्ण 'सम'

हामी आफ्नो मनोभाव एकार्कामा प्रकट गर्नलाई जुन माध्यम प्रयोग गर्दछौं त्यही हो भाषा । प्रत्येक जातिको आफ्नो भाषा छ । हामी नेपालीहरूको भाषालाई नेपाली भाषा भनिन्छ । यसको इतिहास कोट्याएर 'गोर्खा', 'खस', 'पर्वते', 'पहाड़िया'-तर्फ नहाँकिएर यहाँ हामी विद्यार्थीहरूलाई यस भाषाको अनेकरूपताले चेपारामा पारेको दुइ-चार तथ्य मात्र औंल्याउन तत्पर छ यो लेख ।

वास्तवमा भाषामा एकरूपताका निम्ति कुन मार्ग पहिल्याउनुपर्ने हो यसमा हामी अकमक्क परी 'भीरको चिण्डो उँधो न उँभो' भइरहेका छौं । माध्यमिक परीक्षामा हामी नेपालीहरूको प्रथम भाषा नेपाली हुन्छ । तर अनौंठो कुरो के भने उक्त परीक्षामा हामी नेपालीहरू नै अनुत्तीर्ण हुन्छौं—मातृभाषा विषयमा । तसर्थ हामीलाई ठूला-बड़ाहरू प्याच्च भन्छन्, 'तिमीहरू नेपालीमै त यसरी फेल हुन्छौ, भन् अन्य विषयमा त कसरी पास हुन्छौ ?'

यो प्रश्न एकजनाको होइन । घरका आमा-बाबु, गाउँका ठूला-ठाला, विद्यालय-का गुरु-गुरुआमाहरू सबै एउटै उपर्युक्त प्रश्नले हामीलाई टिप्याउँछन् । यतिखेर, अरू जेसुकै हुन्, मेरो त मुख चिलाइहाल्छ अनि यसरी विद्रोह गर्छु, 'तपाईं जस्ता भाषाविद् सज्जनगणले हामी कुन्ताका आधुनिक शिक्षार्थीहरूलाई यस्तो शिक्षा दिनुहुन्छ भने 'के खोज्छस् कानो ? आँखो' भएन ? हामी फेरि नेपालीमै मात्र असफल भयौं भन्दैमा यी बुद्धिजीवीहरू कसरी टिक्नसक्छन् अन्य विषयमा पनि हुन्छौं भनेर ? 'पाँच औंला बराबर हुँदैनन्' भन्ने त स्वयं हुन्छन् । अन्य विषयमा त 'अल्जेब्रा'-को 'फर्मूला' सधैं स्थायी रहन्छ, इतिहासमा बाबरको कथा सधैं एउटै पढ़िन्छ, भूगोलमा श्रीलंका सदैन—सधैं भारतको दक्षिणमै अवस्थित छ, विज्ञानमा भ्यागुताको पाचन-क्रिया मौलाएर जाँदैन, भौतिक-शास्त्रमा ध्वनिभन्दा प्रकाश नै चाँड़ो दगुर्छ, इत्यादि ।

तर नेपाली भाषामा यो हुँदैन । 'कथा-कुसुम'-ले एउटा भाषा सिकाउँछ, 'मुना-मदन' अर्को, 'नैवेद्य' त के व्याकरणकै कुरा गर्ने पनि कुरीकुरी लाग्छ । 'नेपाली पाठ संग्रह' हेर्नुपछे आफ्नै शब्दकोशका शब्दहरू प्रयोग भएका छन् । सबैभन्दा ज्यादा हिज्जे अशुद्धिले हामीलाई अन्योलमा पारेको छ ।

श्री कोइरालाको कथा नै 'पाठ-संग्रह' र 'कथा-कुसुम'-मा कति किसिमले छापिएका छन् । 'परालको आगो' त्यस्तै छ । अब भन्नुहोस्, पूर्व लाग्नु कि पश्चिम ?

कुन हिज्जे अनुसार हामी परीक्षा दिनु ? त्यसै तम्सन्छन् बूढ़ा-पाकाहरू हामीजस्तालाई खिँज्याउन । 'आफ्नो आङमा भैंसी हिँड़े-को नदेखी अर्काकामा जुम्रो देख्नेहरू ।'

हामीलाई हूलको दंगामा फँसाउने दुइवटा एउटै शब्द छन्—'पनि' र 'पनी' । 'पनि'-ले 'मार्क्स' नदेला भन्ने भय छ भने 'पनी'-को कार्य उहि छ । भनुहोस्, हामी कसको पुच्छर समात्नु ? 'जुन शुद्ध छ त्यही लेखूनू' भनुहुन्छ भने हामी विद्यार्थीले शुद्ध छुट्याउनु कि तपाईं जस्ता वैयाकरणीको कर्त्तव्य यो हो ? व्याकरण नियालौं—एउटा पुस्तकमा 'निम्ति' र अर्कोमा 'निम्ती' छ । एउटामा एकत्रितलाई अशुद्ध मानिन्छ, अर्कोमा त्यसैको भीड़ छ । शब्दकोश हामीले प्रयोग गर्नु कसरी ? यो लज्जास्पद कुरो हो ।

संख्यावाचक शब्दमा दीर्घ 'ई' लेखिने चलन छ । जस्तै—चालीस, तीन इत्यादि । तर 'दुइ' र 'दुई'-मा भएको मतभेदले हामी आधुनिक विद्यार्थीहरूलाई खाडलमा जाक्न नलगाई अरू के गरेको छ ? हेर्नोस्—'राति' र 'राती'-को गति, 'पहाड़' र 'पाहाड़'-को अवस्था, 'लाई' र 'लाइ'-को दुर्गति इत्यादि ।

भाषिक एकरूपताको चर्चामा अचेल ध्वनि, जनजिभ्रो, झर्रोवाद, इत्यादि अभियानले 'साँढेको जुझाइमा बाछाको मिचाइ' भइरहेको छ । त्यसैले त हाम्रो सङ्ख्या कम्ति छ 'नेपाली'-मा । परीक्षाको प्रश्न-पत्रमै हेर्नोस्न हामीलाई होंच्याएको । बंगालीहरूलाई तर्जुमामा कति सजिलो र हामीलाई कति साह्रा वाक्यहरू दिएका थिए । हामीलाई हामा नै कुल्चन चाहन्छौं र त हामो कहिले अघि बढ्दैनौं, 'बीर' र 'बुद्ध'बाहेक हामो 'कान्छा'-देखि 'जेठा' भएनौं, विदेशी गनियौं, तरवार र कलम चिनेनौं ।

भाषामा सादृश्य ल्याउन जुनै पनि अभियान चलोस् तर हामी घाँटीमा अड़किएका केशलाई कि निलियोस् कि उगेलियोस् ।

परिवर्तन

कृष्ण प्रधान
नवौं श्रेणी 'क'

(१)

आजका ती कोपिलाहरू
भोलि फुल्न सक्छ,
आज फक्रेका ती पुष्पहरू
भोलि ओइली झर्न सक्छ ।

(२)

आजका ती बालकहरू
भविष्यका महापुरुष हुन्,
आजका ती नव-जोशहरू
भोलिलाई ती पुराना हुन् ।

(३)

आजका ती खुशीहरू
भोलि दुःखमय बन्न सक्छ,
आजको यो सुन्दर विश्व
भोलिलाई प्रलय आउँछ ।

(४)

आज गरेका ती प्रयत्नहरू
भोलिलाई तो सफल हुन्,
आज रचिएका रचनाहरू
भविष्यका ती अमर हुन् ।

डोली-व्यथा

प्रभात रिजाल
बाह्रौं श्रेणी (विज्ञान)

फर्केर हेर ल्यो माइती घर, रूँदैछ बरर .....र
रूँदैन कठै तिम्रो ल्यो मन फेरि ल्यो सम्झेर ।
आमाको विकल नयनमा ममताको आँसु छल्किरहेछ,
हृदय गतिनै रोकिदिने मायाको झक्कानो फुटिरहेछ ।
हेर परतिर ल्यो घर पनि डुबिरहेछ आँसुको दहमा
आँसुको ढिका टल्किरहेछ त्यहाँ उपस्थित सबैको गहमा ।
हृदयको तार चुडिँदै जान्थ्यो शहनाईको प्रत्येक आवाजमा
भूत-भविष्यत् सबै नै नाच्थे दुलहीको करुण-नयनमा ।
कति वसन्त बिताए त्यहाँ सबैको 'कान्छी' भएर
छोड़ी जान पऱ्यो आज सबैको 'बुहारी' भएर ।
भैलेनी साँझमा नाच्थी 'कान्छी' पुतली भएर
देवसेका ती चंचले ठिटा हेर्थे सबै ट्वाल्ल परेर ।
मदमस्त ती युगनयनमा कतिको नेत्र केन्द्रित थियो
प्रत्येक त्रिवेणी मेलामा यौवनको रंग फेरि चढ्दथियो ।
अतीतका ती कुरा सम्झी आँखा उसको फेरि रसायो
छेउमा बसेको उसको दुल्हा मन्द-मन्द मुस्कुरायो ।
उसको जीवनमा फेरि यौटा नौलो पन्ना पल्टियो
आमा-बाबुलाई अर्पण गरी, पतिलाई स्वीकार्न पुग्यो ।
नारी जातिको जीवनकथा दुइ पन्नामा लेखिन्छ
पुरुष जातिको जीवनकथा एकै पानामा सिद्धिन्छ ।
बाल्यकालदेखि यौवनकालसम्म हुर्केकी उ आमाको काखमा
तर आमालाई पनि छोड़न पऱ्यो आज यस शुभ-विवाहमा ।
सिन्दुर-पोतेले सुसज्जित, विश्व-नियमले बाँधिएकी उ
यौवनको रंग सम्झी फेरि झक्कानो फुटाई रुन्छे उ !
कस्ती छ होली सासु नन्द, कस्तो छ ल्यो समाज ?
कस्तो त्यहाँको रहन सहन, कसले सुन्छ मेरो आवाज ?
मातृप्रेम त अब शायद कल्पनामा नै सिमित होला
वात्सल्यको त कुरै छोड़ौं, पति-प्रेम पनि पाउँछु होला !
त्यस समाजले के मलाई 'बुहारी' भै गर्छ होला ?
बीस वसन्त मात्र देख्ने मलाई, छोरी भै गर्छे होला ?
सम्झी फेरि भविष्यलाई, उ डाँको छोड़ी रुन्छे
आमा-छोरीको मार्मिक रुवाईले डोली-व्यथा बन्छ ।

———

"मुनामदन" अनि देवकोटा

किरण रिजाल
एघारौं श्रेणी 'विज्ञान'

भाषाका उत्पत्ति कसरी भयो भन्ने भाषाशास्त्रीहरूको अनेकन् मत होलान् तर शब्दको मोहनीले लट्ठ पार्न सक्ने भाषाको गुण सम्बन्धमा दुइ मत नहोलान् । भाषाको उत्पत्तिले मानिसलाई मानिस बनायो, मानिसलाई उनको पूर्वज वनमानिसबाट छुट्याइदियो । भाषाले हाम्रो समाजको प्रगतिमा बहुत ठुलो महत्त्वपूर्ण स्थान ओगोटेको छ । हाम्रो (नेपाली) भाषाको इतिहास विश्वको अरू विकसित भाषाहरू जस्तै लामो नहोला तर यति चाहिँ भन्न सकिन्छ; यसको विकासमा यथेष्ट समय लागेको छ । भानुभक्त र देवकोटाको बीचमा पुगनपुग डेढ़ सय वर्षको समय लागेको छ । भानुभक्तकालमा नेपाली भाषाको स्पष्ट रूपरेखा बसिसकेको भए पनि भाषामा शैशव तोते बोली मात्र सुनिन्छ । तर देवकोटाको युगमा भाषाले शैशव पार गरेर यौवनमा प्रवेश गरिसकेको छ ।

नेपाली भाषालाई 'भाषा' नभन्ने जातीय ख्याउरे छन्दलाई छन्दै नमान्ने घेरै मानिस थिए । 'मुना-मदन' ख्याउरेमा लेखेको काव्य हो । यो काव्य सर्वप्रथम वि० स० १९९६ मा प्रकाशित भएको हो । यो काव्य पढ़ेर अथवा यो काव्यको मिठास पाएर नेपालीहरू मात्र होइन, अनेपालीहरू पनि छक्क परे । हिन्दी साहित्यका राहुल सांकृत्यायनले यही काव्यको माध्यमबाट देवकोटालाई हिन्दी कवि 'पन्तप्रसाद-निराला'-को संगम भनेका छन् ।

'मुनामदन'-को रचनाकालमा नेपालमा राणाहरूको शासन चरम सीमामा पुगेका थिए । मानिसले स्वतन्त्र बुझेको नै थिएन । कवि, लेखकहरूले स्वतन्त्ररूपी कविता वा लेख लेख्न पाउँदैन थिए । उनीहरूले आफ्नो रचना हुकुमती शासनको कड़ा नजरमा लेख्नु पर्थ्यो । यस्तो अवस्थामा 'मुनामदन' जस्तो दुःखान्त काव्य लेखेर देवकोटा सफल भए । आफूलाई बाँध्न सक्ने फलामका साङ्लालाई सुनौला गहना भन्ने लेखकहरूले मात्र आफ्नो कृति प्रकाशित गर्न सक्थे । राणा शासनको कारणले गर्दा कविहरूले शासक गोष्ठीको जयजयकार गरेर मात्र कविता लेख्थे तर देवकोटाले राणा शासक गोष्ठीको जयजयकार नगरी वि० स० १९९६ तिर आफ्नै तर्फबाट 'मुनामदन'-को एक हजार प्रति छपाए । ने० भा० प्र० समितिले पनि दुइवर्ष पछि अर्थात् वि० स० १९९७ मा दुइ हजार प्रति छपाए ।

'मुनामदन' एउटा दुःखान्त कथा हो, यसर्थ, यस काव्यमा एक नेपाली परिवारको दुःखान्त जीवनको चित्रण गरेको छ । नेपाली साहित्यमा यस्तो दुःखान्त जीवनको चित्रण भएको काव्य अथवा रचना अझसम्म फेला परेको छैन । 'मुनामदन' पढ़दा केवल करुणरसको मात्र पैदा हुँदैन, तर त्यो समाज प्रति घृणा पनि उत्पन्न हुन्छ । आफ्नो भाव प्रकाशको लागि कविले जुन माध्यम छाने त्यो अति सरल

र सजिलो छ—नेपाली जातिय झ्याउरे छन्द "नेपालो गेड़ा, नेपाली दाना, नेपाली रस"। अनुष्टुप छन्द सुन्दा-सुन्दा थाकि-सकेका कानहरू पनि झ्याउरे छन्द सुन्दा केही नवीनता अनुभव गरे झैं लाग्छ।

देवकोटा पश्चिमी साहित्यको अध्ययन गरेर त्यसमा डुब्न सक्ने प्रथम नेपाली साहित्यकार हुन भने पनि हुन्छ। उनको लेखाईहरूमा पूर्वीय साहित्यको भन्दा बढ़ता मात्रामा पश्चिमी साहित्यको छाप हामी यथेष्ट मात्रामा पाउन सक्छौं। अंग्रेजी साहित्यका महारथी शेली, किट्स अनि वाइरनबाट धेरै प्रभावित भएर देवकोटाले धेरै कृतिहरू जन्माएका हामी देख्छौं। देवकोटाका धेरै फुटकर कविता जस्तै "हुरीको गीत", "पश्चिमी बतासप्रतिको गीत", झ्ञ्झाप्रति, कविताहरूमा हामीले प्रशस्त मात्रामा अंग्रेजी साहित्यको अमिट छाप पाउँछौं। यसरी देवकोटा पाश्चात्य साहित्यमा मात्र नढल्केर हिन्दीका रोमान्टिक कविहरू जस्तै पंत, महादेवी वर्मा, प्रसाद निरालाहरूबाट पनि धेरै प्रभावित भएका थिए। यसरी देवकोटा रोमान्टिक साथ-साथै पाश्चात्य साहित्यमा डुबेका कविको रूपमा पाउन सक्छौं। देवकोटा रोमान्टिक कवि हुँदा-हुँदै पनि झ्याउरे छन्दलाई अति प्रिय मानेर 'मुनामदन' लेख्दा नेपाली साहित्यको निम्ति एउटा आश्चर्यको कुरा हुन पुगेको थियो।

'मुनामदन' देवकोटाको अत्यन्त प्रिय रचना थियो। जीवनको अन्तिम घड़ीमा पनि उनको इच्छा व्यक्त गर्दै उहाँले शान्ताभवन अस्पतालमा आफ्नो प्रियजन-हरूसँग उहाँको सबै रचनाहरू जलाएर 'मुनामदन' मात्र राखिदिनू भनी अनुरोध गर्नु भएको थियो, यसरी 'मुनामदन'-लाई आफ्नो मातृप्रेम देखाएका कारणहरू हुन्—आफ्नो जीवनमा भोगेका दुःखहरू यस रचनामा व्यक्त गर्नु नै देवकोटाको सबै-भन्दा ठुलो सफलता हो भने पनि हुन्छ। मदनलाई आफ्नो (देवकोटा) दुःख पोखाउने माध्यम बनाएर 'मुनामदन'-मा प्रशस्त मात्रामा जीवनका दुःखहरू व्यक्त गरेका हामी पाउँछौं। अनि जसरी उनी आर्थिक अवस्थाको साङ्लोमा जकड़िएका थिए त्यसरी नै मदनलाई पनि आर्थिक संकटको साङ्लो-मा बँधाएर आफ्नो दुःख पोखेका छन्। यसकारणले गर्दा जीवनको अन्तिमकालमा पनि देवकोटा 'मुनामदन' भन्दै छट्पटाइ-रहेको हामी पाउँछौं।

'मुनामदन' राणाकालको कठोर शासनमा शोषित नेपाली जीवनको एउटा प्रतीक हो। यस समयका नेपाली जनताको मार्मिक कथा 'मुनामदन'-मा चित्रण गरेको पाइन्छ। मदन जस्तै धेरै नेपाली युवाहरू आफ्नो परिवारलाई आर्थिक अवस्थाको भुँवरीबाट पार लाउनुको निम्ति धेरै प्रयत्न-हरूको एउटा चिन्ह 'मुनामदन' देवकोटाले हामीलाई दिनुभएको हो।

मुनामदन—'ट्र्याजेडी'-को रूपमा—

पाश्चात्य साहित्यमा जस्तो दुःखान्त काव्य वा नाटकलाई ट्र्याजेडी (Tragedy) भनिन्छ। यस्तो श्रेणी विभाजन नेपाली साहित्यमा पनि छ। विभिन्न देशको साहित्यकालको सँगसँगै शुरू भएको होइन तर पनि हरेक देशको साहित्य समसामयिक जीवन एकैनासे देखिन्छ। यूरोपको एथेन्स नगर राज्यमा सर्वप्रथम 'ट्र्याजेडी' नाटकको शुरूवात भयो। ग्रीक कवि एकाइलस (ख्रृ० पू० ७२६-४७६) लाई 'ट्र्याजेडी'को

जन्मदाता भनेर मानिएको छ। पछि पश्चिमी यूरोपमा 'ट्रयाजेडी'-लाई विकासको चरम सीमामा पुऱ्याइदिए।

शेक्सपियरका 'ट्रयाजेडी'-हरूमा वर्णित दुःखान्त नाटक र कथाहरू विश्वविख्यात छन् तर प्राचीन ग्रीक साहित्यका दुःखान्त नाटकहरू शेक्सपियरका नाटकहरूभन्दा ज्यादा गहिराइमा छ। यहाँ उदाहरणार्थ ग्रीक साहित्यको एक दुःखान्त नाटक लिँसोकोक्लिस्को "किङ्ग ओडिपस" (पाश्चात्य साहित्यमा) भन्ने वाक्यांश प्रचलित छ। थीब्स राज्यका राजा लाइओस् थिए, तिनको पत्नीको नाउँ थियो जोकास्टा। एक छोरो जन्म्यो ओडिपस। एक पटक राजा डेल्फीको मन्दिरमा देववाणी सुन्न जाँदा—ओडिपसले पितृहत्या गर्नेछ अनि आफ्नी आमालाई बिहे गर्नेछ; भन्ने आकाशवाणी सुन्यो।—यो सुनेर राजाले आफ्नो छोरालाई अर्को देशमा लगेर छोड़ी-दियो। अभाग्यवश, त्यस देशका राजाको छोरो नभएका हुनाले उसले ओडिपसलाई अपनाउँछ तर बीस वर्षपछि ओडिपसले आफ्नो आमा-बाबालाई खोज्न आफ्नो देश छोड़छ र विपरीत दिशातिर—थीब्सतिर लाग्छ। तर दुर्भाग्यवश उसले बाटामा नै लाइओस्को हत्या गर्छ अनि विधवा रानी-लाई विवाह गरेर त्यहाँको राजा हुन्छ र यसरी देववाणी सत्य हुन्छ तर जब उसले थाल पाउँछ कि उसले पितृहत्या गरेछ अनि आफ्नी आमालाई विवाह गरेछ तब उसलाई पश्चाताप अनि ग्लानिको अनुभव हुन्छ। यसरी यस 'ट्रयाजेडी' कथाको अन्त दुःखै-दुःखले भरिएको छ।

'सुनामदन'-को दुःखान्त कथा सरल छ। कथाका नायक सर्वहारा होइन। उसको केही नभए तापनि एउटा ऋणले थोत्रो भएको एउटा घर छ; तर उसले यो ऋणले थोत्रो भएको घरलाई बलियो बनाउने, आमालाई दूधको घुट्कोले गला रसाउने र मुखैनीका हातलाई सुनका खँदिलो बालाले सुहाउने आशा भएको हुनाले उ बेपारीको भेषमा ल्हासा जान तम्सिन्छ। ल्हासाका सून ल्याउने धुनमा उसलाई पहाड़का दुर्गम-पथ केही जस्तो लाग्दैन; सुनाका अनुनय-विनय र तीन बीस हिउँद खाएकी बूढ़ी आमाको माया केहीले पनि उसलाई रोक्न सक्तैन। दुइ बीस दिनका सट्टा कति महीना ल्हासामा नै बित्छन्। अन्तमा मदन "हातका मैला" लिएर घर फर्कन्छ तर उसलाई बाटामा हैजाले सताउँछ, उसले आफ्ना साथीहरू-लाई विन्ति गर्छ तर साथीले उसलाई केही पनि गर्दैन। एक सरल धनको भुँवरीमा नपरेको बिजात भोटेले उसलाई स्याहार गर्छ र निको पार्छ। उसले केवल मदनको बूढ़ी आमाको आशिष माँग्छ। मदन जब घरमा आफ्नो सुना र आमा-लाई नदेख्दा उ स्वयं तड़पिएर मर्छ। यसरी सुनामदनको दुःखान्त कथा समाप्त हुन्छ।

यस दुःखान्त कथामा अर्को रूपमा तथा भिन्न ऐतिहासिक पृष्ठभूमिमा भए पनि ओडिपसको नाटकमा जस्तै घटनाक्रमको शक्तिशाली चित्रण पाइन्छ। नायक र नायिकाका इच्छा आकांक्षामा मेलभन्दा संघात धेरै छन्। नायक धन कमाएर पारिवारिक-सुख ल्याउन चाहन्छ, नायिका

व्यसको विरोध गर्छ । पुरानो सरल समाज व्यवस्थाको पतिव्रता नारी मुनाका मनमा सरल जीवनको सुख-दुःखको याद छँदैछ, उसको मनमा धनुमाथि आधारित नयाँ समाज व्यवस्थाको छाप परेको छैन । उ आफ्नो पतिसित अनुनय-विनय गर्छ जसमा पुरानो सामाजिक नैतिक पद्धतिको भावुक विफल विलाप छ—

"सुनका थैला हातका मैला के गर्नु धनले ?
साग र सिस्नु खाएको वेस आनन्दी मनले ।"

'मुनामदन' दुःखान्त कथामा नेपाल-को सामन्ती व्यवस्थाले समग्र जातिको जीवनमा ल्याएको गरिबीको चित्र झल्झली झल्किन्छ । तर यस व्यवस्थामा पनि धनको खेल शुरू भइसकेको छ । यसर्थ हामीले यसरी भन्न सक्छौं कि देवकोटाले पाश्चात्य साहित्यको भरपूर ज्ञान प्राप्त गरिसकेर मात्रै 'मुनामदन' जस्तो दुःखान्त वा ट्र्याजेडी काव्य लेख्नु सफल हुन भएको हो—

"काँढ़ाका बिरुवा म आफैले रोपेका
काँढ़ा तिनकै हुन् उसैका
मलाई बिझे तिनैले रगत निकाले ?
यस्ता बिरुवाका फल फल्दा हुन् कस्ता
सो बुझ्न पर्दथ्यो अघिनै मैले ।
—(वाइरन)

यस लेख लेख्ता सहायक पुस्तकहरू—
क—साझा समालोचना—साझा प्रकाशन
ख—भानुभक्तदेखि तेस्रो आयामसम्म—
—ताना शर्मा ।

झरना

सुनिल कुमार दहाल
कक्षा आठ, खण्ड 'क'

झरर झर्दछे झरना
शितल गराउँछे बनमा ।
कल-कल बग्ने झरनाको ।
सम्झना आउँदछ मनमा ॥

त्यो सुन्दर ठाउँमा झरना झर्दा
मलाई लाग्दछ त्यो गाउँमा ।
बादल आई पर्दा लाग्दा
कष्ट हुन्छ मलाई यहाँ ॥

तिम्रो ब्यो मुहार विन्दुमा
बादल आई छेऊ लागी ।
शितलको क्षमता बोकी
घाम आई चियाउन लागी ।

बिहानीको चिसो हावाले
सुमधुर गाना सुनायो ।
खल-खल गर्ने झरनाले
मनमा शान्त तुल्यायो ॥

मेरो फूलबारीको रंगी-विरंगी फूलहरू

लोक कुमार ठकुरी,
बाह्रौं श्रेणी (कला)

विषको काँढा

म तिम्रो निम्ति विषको काँढा भएछु ।
मलाई माफ गर ! मलाई माफ गर ।
तर तिमी मेरो निम्ति अमृत पो रहेछौ,
खै ! यो जिन्दगीमा यस्तो 'भ्रम' जाल कति छ ।

महत्व

फूलमा गुलाबको,
फलमा आँपको,
मान्छेमा गुणको,
संगीतमा धुनको,
घेरै महत्व हुन्छ ।

जीवनको हरेक मोड़मा

मेरी मायालु तिमी भन्थ्यौ,
जीवनको प्रत्येक मोड़मा,
तिमीले मलाई नभूल,
तर मायालु यो संसारले,
जीउनु सिकायो मलाई—
माफ गर ! भुल्नु सिकायो ।

मलाई मनपर्छ

मलाई मनपर्छ आफ्नै देशमा,
फूलेका लाली-गुराँस ।
यही देशको कोइलीको,
सुमधुर आवाज ।

आशा र माया

